

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर २ गते आइतबार ❑ 17 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सरकारले मुलुकलाई समृद्धितर्फ अघि बढाएको छ : सञ्चारमन्त्री

पोखरापत्र संवाददाता
लमजुङ, १ मंसिर

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले काँग्रेस-एमाले मिलेर बनेको वर्तमान सरकारले जनताका आवश्यकता र चाहनाअनुरूप मुलुकलाई समृद्धितर्फ अघि बढाइरहेको बताउनुभएको छ।

लमजुङ सुन्दरबजार नगरपालिका-५ गहतेमा शनिबारगहते कालिका मन्दिर उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले विगतमा पटक-पटक सरकार परिवर्तन भएकाले विकास हुन नसकेको, त्यसले जनतामा निराशा छाएको र अहिलेको सरकारले आशा जगाएको बताउनुभयो। संविधानमा दिएको अधिकार कागजमा मात्र सीमित भइरहेको उल्लेख गर्दै सञ्चारमन्त्री गुरुङले संविधानमा




उल्लेख गरिएका हकअधिकार सुनिश्चित गर्न सरकार लागिरहेको स्पष्ट पार्नुभयो। उहाँले स्वास्थ्य, शिक्षा, यातायात, खानेपानीजस्ता आधारभूत सेवामा सबै जनताको पहुँच पुनेगरी काम गर्न सरकार लागिपरेको बताउनुभयो।

सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले तत्कालै विकासको अनुभूति गराउन नसकिए पनि दुई पार्टीको सरकार आगामी साढे तीन वर्षसम्म रहने र सो अवधिभित्र जनताले केही न केही अनुभुति पाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउने एवं बेरोजगारीको समस्यालाई विस्तारै हटाउँदै जानेगरी सरकार अघि बढेको स्पष्ट पार्नुभयो। आफू गण्डकी प्रदेशको मुख्यमन्त्री हुँदा गरीबमुक्त प्रदेश, घरघरमा खानेपानी, बिजुलीको उपलब्धता, प्रत्येक पालिका केन्द्र जोड्ने सडक, स्मार्ट कृषि अभियान, तीन सयभन्दा बढी घरवासलगायत कामले तीव्रता पाएको उल्लेख गर्दै मन्त्री गुरुङले धेरै राम्रो काम गर्ने सोचका साथ विभिन्न अभियान सुरु गरे पनि अस्थिर राजनीतिका कारण सरकारको कामले गति लिन नसकेको स्मरण गर्नुभयो। उहाँले पाँच वर्ष नै मुख्यमन्त्री बनेर काम गर्न पाएको भए प्रदेशले काचुली फेरी सक्ने दाबी गर्नुभयो।

सरकार गाउँगाउँमा विकास गर्न लगेपनि बसाइँ सराइ नरोकिएको उल्लेख गर्दै सञ्चारमन्त्री गुरुङले भन्नुभयो, "बसाइँ सराइ आजको समयको माग हो, आज कसैले रोकेर रोकिँदैन। पहिलाभन्दा अहिले धेरै विकास भए पनि विकासको तृष्ण र अनुभव पुगेको छैन।"

## सूचना प्रविधिमा आधारित उद्यमशीलतामा सरकारको जोड: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, १ मंसिर

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सूचना प्रविधिमा आधारित उद्यमशीलतामा सरकारले जोड दिएको बताउनुभएको छ।

कम्प्युटर एशोसियसन नेपाल महासंघ (क्यान), कास्कीको १० औं अधिवेशन उद्घाटन समारोहमा प्रमुख अतिथि भट्टले सरकारले चालु बजेटमा आईसीटी क्षेत्रलाई प्राथमिकता दिँदै पाँच रूपान्तरणकारी क्षेत्रमा सूचना प्रविधि विकासलाई समावेश गरिएको उल्लेख गर्नुभयो। २०६५ सालदेखि निरन्तर क्रियाशील क्यान कास्कीले सूचना प्रविधि क्षेत्रमा कार्य गर्दै आइरहेकोमा खुशी व्यक्त गर्दै उहाँले नवीनतम प्रविधि तथा आविष्कारले डिजिटल नेपाल निर्माणको अभियानलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। 'सूचना प्रविधि क्षेत्रलाई अत्यावश्यक सेवाअन्तरगत राख्न तपाईहरुले पहिल्यैदेखि माग गर्नुभएको हो। नेपाललाई सूचना प्रविधि हबको रूपमा विकास गर्ने गरी विभिन्न कार्यक्रम घोषणा गरिएको छ।' - उहाँले भन्नुभयो। सरकारले १० वर्षमा ३० खर्ब बराबरको आईटी सेवा निर्यात गर्ने, पाँच लाखलाई प्रत्यक्ष रोजगारी तथा १० लाखलाई अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको उहाँले



बताउनुभयो।

स्टार्टअप फन्ड, स्टार्टअप बोर्डको अवधारणाले आईटी क्षेत्रका नवउद्यमीलाई प्रोत्साहन मिल्ने भन्दै भट्टले अहिले डिजिटल माध्यमबाट सरकारी सेवा पाउने सर्वसाधारणको हक सुनिश्चित गर्ने सरकारी नीति रहेको जनाउनुभयो। सूचना प्रविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने र सबै स्थानीय तहलाई सूचना सञ्जालमा जोड्ने सरकारी नीति मुलुकको तीव्र आर्थिक विकासमा सहयोगीसिद्ध हुने विश्वास व्यक्त गर्दै भट्टले सूचना प्रविधिलाई अर्थतन्त्रको सम्वाहक क्षेत्रका रुपमा स्थापित गर्दै सूचना प्रविधिका नवीनतम प्रविधि अवलम्बन गर्न कानुनी व्यवस्था गर्न सरकार अघि बढिसकेको बताउनुभयो।

'डिजिटल नेपाल फ्रेमवर्क सरकारको एउटा महत्वपूर्ण कार्यक्रम हो। सूचना प्रविधिको विकासका लागि तीनै तहका सरकारले निजी क्षेत्रसँग सहकार्य र साझेदारी गर्न आवश्यक रहेको सरकारले बुझेको छ।' भट्टले भन्नुभयो। सूचना प्रविधि क्षेत्रमा देखिएको चुनौतीलाई व्यवस्थापन गर्न दक्ष जनशक्ति तथा पूर्वाधार निर्माण गर्न संघ, प्रदेश र स्थानीय तहमा निजी क्षेत्रसँग साझेदारी, सहकार्य र समन्वय गर्न सरकार प्रतिबद्ध रहेको उहाँको भनाई छ।

आगामी दिनमा युवा जनशक्तिलाई दक्ष बनाउने, सरकारी तथा निजी क्षेत्र, समुदाय, विद्यालयलगायतका क्षेत्रमा डिजिटल साक्षरता र प्रविधिको प्रयोग बढाउन आवश्यक अध्ययन, अनुसन्धानका लागि पनि क्यान जस्ता संस्थाको सहयोग अपरिहार्य रहेको उहाँले बताउनुभयो। नेपालमा पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति २०८० जारी गरेर कार्यान्वयनमा ल्याइएको रहेको र सूचना प्रविधि सम्बन्धी नयाँ नीति, कानून तथा निर्देशिकाहरूमा क्यान महासंघले समन्वयकारी भूमिका खेलिरहेकोमा पनि सरकारका तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो।

## उत्पादन र रोजगारीलाई शिक्षासँग जोड्न आवश्यक : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, १ मंसिर

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले उत्पादन र रोजगारीलाई शिक्षासँग जोड्न आवश्यक रहेको बताएका छन्। शनिबार पोखरा १६ स्थित विन्ध्यवासिनी क्याम्पसको वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मन्त्री थापाले परम्परागत शैलीको शिक्षाले मात्र सोचेजस्तो उपलब्धी हासिल नहुने बताए।

"परम्परागत शिक्षाले सोचेजस्तो उपलब्धी हासिल हुन सकेन। परिवर्तनको कडी नै शिक्षा हो। शिक्षाको माध्यम बाट नै समृद्धि प्राप्त हुन्छ। उत्पादन र रोजगारी सङ्ग शिक्षालाई जोड्नपर्छ। व्यवसायिक र सीपयुक्त शिक्षा आजको आवश्यकता




हो।", उनले भने। मन्त्री थापाले प्रदेश सरकारले शिक्षा क्षेत्रमा सुधार ल्याउन केही नयाँ कार्यक्रम ल्याएको जानकारी गराए। उनले अभिभावक शिक्षा, सिक्दै कमाउँदै कमाउँदै सिक्दै, फ्राइडे फर फ्युचर जस्ता कार्यक्रमले विद्यार्थीको आकर्षण बढाएको उल्लेख गरे।

विन्ध्यवासिनी क्याम्पस लाई प्रभावकारी बनाउन गुणस्तरीय शिक्षामा ध्यान दिन उनले आग्रह गरेका छन्। क्याम्पसमा देखिएको हर किसिमको समस्या समाधानमा आफु पदमा रहे पनि नरहे पनि सदैव साथमा रहेको भनाई उनको छ। प्रदेश सरकारले सामुदायिक क्याम्पसका लागि वार्षिक रुपमा नै अनुदान उपलब्ध गराउँदै आएको उनले बताए। क्याम्पसको पुस्तकालयको स्तरोन्नतिमा प्रदेश सरकार सकरात्मक रहेको भनाई उनको छ। कार्यक्रममा पोखरा १६ का वडाध्यक्ष अमृत तिमिल्सिनाले विन्ध्यवासिनी क्याम्पसको भवन बन्नुपर्छ भन्ने विषयमा सकरात्मक हुन आग्रह गेरका छन्। विद्यमान कानूनका कारण क्याम्पसको भवनको कामले गति पाउन नसकेको र उक्त समस्याको समाधानमा नै वडाले काम गरिरहेको भनाई उनको छ। क्याम्पसका सिनेटर राम बहादुर बानियाँले भारतीय राजदुतबाट क्याम्पसका लागि छुटिएको रकम गुम्न दिन नहुने उल्लेख गरे। क्याम्पसको गतिविधिका बारेमा क्याम्पस प्रमुख सुमन केशव पराजुलीले जानकारी गराएका थिए भने स्वागत विजय शर्माले गरेका थिए। क्याम्पसले उत्तिर्ण विद्यार्थीलाई सम्मान समेत गरेको छ।

## पोखरामा सप्ताहव्यापी कर सचेतना कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १ मंसिर

स्थानीय व्यवसायी तथा सर्वसाधारणमा करसम्बन्धी सचेतना फैलाउने उद्देश्यले आन्तरिक राजस्व कार्यालय पोखराले शनिबारदेखि 'कर सप्ताह' कार्यक्रम सुरु गरेको छ। सप्ताहव्यापी कार्यक्रमअन्तर्गत आज बिहान प्रभातफेरि आयोजना गरी पोखराका विभिन्न ठाउँमा कर सचेतनाका बारेमा जानकारी गराइएको हो।

प्रभातफेरीपछि कार्यालय परिसरमा आयोजित कार्यक्रममा पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले यहाँ उद्योग, व्यवसायीले राज्यले निर्धारण गरेको राजस्व तिर्दै आएका भन्दै करको दायरामा नआएका व्यवसायीलाई करको दायरामा आउन आग्रह गर्नुभयो।




आन्तरिक राजस्व कार्यालयले सचेतनामूलक कार्यक्रममार्फत कर नतिर्नेलाई करको दायरामा ल्याउनुपर्नेमा जोड दिँदै उहाँले कार्यालयको उक्त अभियानमा सङ्घले आवश्यक सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले सबै व्यवसायीले इमानदारीपूर्वक कर तिर्ने हो भने राज्य बलियो हुनुका साथै विकास, निर्माणले गति लिने धारणा राख्नुभयो। आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत शिव शर्माले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत व्यवसायी, उद्योगीसँग अन्तरक्रिया, सञ्चारमाध्यमसँग संवाद, शिक्षण संस्थामा कर शिक्षा, उत्कृष्ट करदातालाई सम्मान, विभिन्न स्थानमा कर सचेतनालगायत कार्यक्रम गरिने जानकारी दिनुभयो।

यस वर्षको राष्ट्रिय कर दिवस 'कर प्रणालीको सार लगानीको आधार' भन्ने नाराका साथ मनाउन लागिएको जनाउँदै कर अधिकृत शर्माले सबै व्यवसायीलाई राज्यले निर्धारण गरेको कर नियमित र समयमै तिर्न आग्रह गर्नुभयो। अडिटर एशोसियसन कास्कीका अध्यक्ष कमल रेग्मीले व्यवसायीलाई करको दायरामा ल्याउन लेखा परीक्षकको भूमिका महत्वपूर्ण हुने भएकाले राज्यलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

शनिबार आयोजित प्रभातफेरि कार्यक्रम पोखरा सभागृहबाट सुरु भई सृजनाचोक, सिमलचौर, रत्नचोक हुँदै रान्तरिक राजस्व कार्यालयमा पुगेर कर सचेतना सभामा परिणत भएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुक्तिनाथ केवलकार परियोजना पहिलो चरणमा ७० करोड संकलन, भारतको एक्जिम बैंक ऋण प्रवाह गर्न इच्छुक

**पोखरापत्र संवाददाता**
पोखरा, १ मंसिर

कास्कीको वीरेठाँडीदेखि मुस्ताङको मुक्तिनाथ मन्दिरसम्म आयोजना हुने मुक्तिनाथ केवलकार दर्शन परियोजनाको लागि भारतको एक्जिम बैंकले सहुलियत दरमा ऋण प्रवाह गर्न इच्छुक भएको छ।

मुक्तिनाथ दर्शन लिमिटेडले शनिबार पोखरामा आयोजना गरेको छलफल कार्यक्रममा लिमिटेडका निर्देशक डि.बी.गुरुङले उक्त परियोजना संचालनको लागि भारतको एम्जिम बैंकले सहुलियत दरमा ३ अर्ब ऋण प्रवाह गर्न इच्छुक भएको बताउनु भएको हो।



विश्वकै सबै भन्दा लामो केलवकार परियोजना मुक्तिनाथ दर्शन केवलकार ८१ किलोमिटरको उक्त परियोजना ५५ अर्बको लागतमा निर्माण हुने भएको उहाँले जनाउनुभयो। उक्त परियोजना निर्माण गर्ने जिम्मा भारतको केएनआर रेल इन्जिनियरिङले पाएको छ भने उक्त कम्पनीले ४ बर्षको अवधिमा ईपीसीएफ मोडलमा निर्माण गरि संस्थागत ५० प्रतिशत लगानी पनि गर्ने भएको छ। छिमेकी राष्ट्र भारतका श्रर्दालुहरुलाई समेत उक्त केवलकारको सेवा मार्फत भगवान मुक्तिनाथको दर्शनमा निकै सहज हुने आफुहरुले विश्वास लिएको निर्देशक गुरुङले जनाउनु भयो। कास्कीको बिरेठाँटी देखि मुस्ताङको मुक्तिनाथसम्मको गन्तव्य ३ घण्टा ४६ मिनेट लाग्ने निर्देशक गुरुङले जनाउनु भयो। उक्त परियोजनामा २० वटा स्टेशन हुने भएका छन भने ६ वटा स्टेशनमा झर्नै पर्ने, ३ वटा प्राविधिक स्टेशन हुने भएको उहाँले जनाउनु भयो । ८ सय भन्दा बढी गुण्डुलाले १ बर्षमा ३६ लाख भन्दा बढि हिन्दु, बुद्ध, शिंख र जैन धर्मालम्बी श्रर्दालुहरु सहित पर्यटकहरुलाई सेवा प्रदान गरिने अपेक्षा गरिएको निर्देशक गुरुङको दाबी छ। उक्त केवलकार बिश्वमा नै लामो भएका कारण गिनीज बुक अफ वर्ल्ड रेकर्डमा समेत दर्ता गर्नलाई प्रक्रिया रहेको उहाँको भनाई थियो । वीरेठाँटीबाट सुरु हुने ६ वटा स्टेशन मध्य घोरेपानी, तातोपानी, लेते, मार्फा, कागबेनी र मुक्तिनाथ रहनेछ। ५५ अर्बको परियोजना अर्न्तगत ४४ अर्ब विभिन्न बैंकहरुसंग ऋण लिने, ११ अर्ब शेयरधनीबाट संकलन गर्ने लक्ष्य राखिएको छ। जसमध्य ५ अर्ब भने आईपियोबाट संकलन गर्ने परियोजना लक्ष्य रहेको छ । उक्त परियोजनामा प्रभावित देखि वडा, जिल्ला, प्रदेश र समग्र नेपालीहरुले उक्त परियोजनामा शेयर हाल्न सक्ने गरी सिधै मुक्तिनाथ दर्शन लिमिटेड र अर्को प्रस्तावित मुक्तिनाथ कागबेनी इन्भेष्टमेन्ट लिमिटेडबाट समेत शेयर हाल्न सकिने व्यबस्था गरिएको छ।

उक्त परियोजनाको लागि ७० करोड रुपैया संकलन भएको कम्पनीका निर्देशक गुरुङले बताउनुभयो । ३ सय ६५ दिननै उक्त केवलकार संचालन हुने गरी ज्येष्ठ नागरिक देखि अन्य पर्यटकहरुको लागि समेत जानआउन सकिने गरी प्रबन्ध मिलाउने उहाँले जनाउनु भयो । वातावरणीय अबस्था हेरीकन स्टेशन र गुण्डुलाको बनोटमा फरक फरक भएको निर्देशक गुरुङले जनाउनु भयो । उक्त परियोजना अबको ४ बर्षमा निर्माण कार्य पुरा गरी ८ बर्षमा लगानी कर्ताको लगानी उठाउन सक्ने गरी आफुहरु लाग्ने भएको निर्देशक गुरुङले उल्लेख गर्नुभयो। उक्त परियोजना पोखरा क्षेत्रको लागि मात्र नभई नेपालकै लागि ठुलो महत्व हुने राजन श्रेष्ठले बताउनु भयो।



फेवातालमा पर्यटकः
पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवाताल किनारमा शनिबार आन्तरिक पर्यटकको चहलपहल । पर्यटकीय मौसम शुरू भएसँगै पोखराको फेवाताल बीचमा रहेको बाराही मन्दिर दर्शन गर्न, फेवातालमा डुङ्गा सयर गरेर मनोञ्जन लिन पर्यटक पोखरा आएका हुन। तस्बिर : कृष्ण दवाडी/रासस

# प्रदेशसभा सदस्य गौचनप्रति श्रद्धाञ्जली अर्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १ मंसिर

गण्डकी प्रदेशसभा सदस्य विमला गौचनको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर शनिबार श्रद्धाञ्जली व्यक्त गरिएको छ।

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र प्रदेशसभाका उपसभामुख वीनाकुमारी थापाले पोखराको नदीपुरस्थित प्रदेशसभा प्राङ्गणमा गौचनको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्नुभयो। शनिबार बिहान ७:३० बजेदेखि श्रद्धाञ्जलीका लागि गौचनको पार्थिव शरीर प्रदेशसभाको प्राङ्गणमा राखिएको छ। त्यसैगरी नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पार्टीको झण्डा ओढाउनुभयो । थकाली सेवा समितिले आफ्नो परम्पराअनुसार श्रद्धाञ्जली व्यक्त गरेको थियो। गौचनप्रति श्रद्धाञ्जलीका लागि गण्डकी प्रदेशका मन्त्री, प्रदेशसभा सदस्य, राजनीतिक दलका नेता, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, थकाली समुदायका अगुवा, आफन्तजन र शुभेच्छुकहरूको उपस्थिति थियो । मुस्ताङको कोबाङमा विसं २०१८ असार १८ गते जन्मिनुभएका गौचनको परिवार हाल म्याग्दीमा बसोबास गर्दै आएको छ । गौचनको गत कात्तिक २८ गते राति काठमाडौँमा उपचारका क्रममा निधन भएको थियो। उहाँ नेपाली कांग्रेसका तर्फबाट विसं २०७९ को प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ निर्वाचित हुनुभएको थियो। उहाँ प्रदेशसभा अर्थ तथा विकास समितिको सदस्य हुनुहुन्थ्यो।



गौचन राजनीतिसँगै विभिन्न सामाजिक तथा व्यावसायिक क्षेत्रमा समेत सक्रिय हुनुहुन्थ्यो । गौचनको म्याग्दीमा लगेर दाहसंस्कार गरिने परिवारजनले जनाएको छ । गौचनका एक छोरा र एक छोरी हुनुहुन्छ।

# प्रक्रियामै अल्झिए औद्योगिक क्षेत्र

**पोखरापत्र संवाददाता**
पोखरा, १ मंसिर

निर्माण घोषणाको सात वर्ष बितिसक्दा पनि कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा बन्ने औद्योगिक क्षेत्रको काम अगाडि बढ्न सकेको छैन।

गत वर्ष सुरु गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए)को काम पनि अझै पूरा हुन नसकेको गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयले जनाएको छ । मन्त्रालयको उद्योग-वाणिज्य महाशाखा प्रमुख महराज ढकालले जग्गा प्राप्तिसँगै 'इआइए'को प्रक्रिया लम्बिएका कारण औद्योगिक क्षेत्र निमार्णमा ढिलाइ भइरहेको बताउनुभयो। परामर्शदाता कम्पनी गौमुखी इन्जिनियरिङले गत वर्ष दुवै औद्योगिक क्षेत्रको ' इआइए' गर्ने जिम्मा लिएको थियो । एक महिनाभित्र क्षेत्र निर्धारण र कार्यसूची तय गर्ने, दुई महिनाभित्रमा प्रारम्भिक प्रतिवेदन र पाँच महिनाभित्रमा अन्तिम अध्ययन प्रतिवेदन बुझाउने गरी सम्झौता भए पनि प्रतिवदेनले अझै पूर्णता पाएको छैन। पुँडीटार औद्योगिक क्षेत्रको 'इआइए' स्वीकृतिको अन्तिम चरणमा रहेको महाशाखा प्रमुख ढकालले बताउनुभयो।

लोकाहाखोलाको जग्गा चुरे संरक्षण क्षेत्रभित्र पर्ने भएकाले ' इआइए'को प्रक्रिया पूरा गर्न थप समय लाग्ने देखिएको उहाँको भनाइ छ । 'इआइए' नगरेसम्म औद्योगिक क्षेत्रका लागि सङ्घ सरकारबाट जग्गा उपलब्ध नहुने भएपछि प्रदेश सरकारले सो काम अगाडि बढाएको थियो । जग्गा प्राप्तिका लागि प्रदेश सरकारले पठाएको प्रस्ताव सङ्घ सरकारको वन तथा वातावरण मन्त्रालयमा पुगेर रोकिएको महाशाखाले जनाएको छ । 'इआइए'को अध्ययन प्रतिवेदन आइसकेपछि जग्गा व्यवस्थापन र औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधार निर्माणको काम सुरु हुने जनाइएको छ। सङ्घ सरकारले वन तथा वातावरण मन्त्रालयको सहमतिपछि सङ्घीय मन्त्रिपरिषद्ले प्रस्तावित औद्योगिक क्षेत्रका जग्गा उपलब्ध गराउने निर्णय गर्नेछ । प्रदेश सरकारको उक्त प्रस्ताव प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट वन तथा वातावरण मन्त्रालयमा पुगिसकेको प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयले जनाएको छ।

प्रदेश गौरवका आयोजनाका रूपमा घोषित औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएपछि जनस्तरमा पनि गुनासो बढेको छ। प्रदेश सरकारले पुँडीटारमा रु ५४ करोड र लोकाहाखोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार पारिसकेको छ। औद्योगिक क्षेत्रलाई चाहिने जग्गा नापजाँच तथा यकिन भइसकेकाले अब जग्गा उपलब्ध गराउने सम्बन्धमा सङ्घ सरकारको निर्णयको पर्खाइमा प्रदेश सरकार छ । प्रदेश सरकारको मन्त्रिपरिषद्ले आवश्यक निर्णय गरी जग्गा प्राप्तिको प्रस्ताव दुई वर्षअघि नै सङ्घमा पठाएको थियो । जग्गा प्राप्ति भएपछि पुँडीटारमा ४५ सय रोपनी र लोकाहाखोलामा एक सय ४१ बिघामा औद्यागिक क्षेत्र निर्माण हुने जनाइएको छ।

पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ।लोकाहाखोलाऔद्यागिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो । पुँडीटारमा केही अव्यवस्थित बसोबास रहे पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ । प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ।

जग्गाको नापजाँच र स्रेस्तासमेत कायम भइसकेको जनाइएकोछ।पुँडीटारमाअव्यवस्थित बसोबासमा रहेका ५०/६० परिवारलाई स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ। प्रदेश सरकारले दुई औद्योगिक क्षेत्रसँगै २५ उद्योग ग्राम निर्माणको योजनालाई समेत अगाडि बढाएको जनाएको छ।

# धर्मका नाममा हुने राजनीतिलाई निषेध गर्नुपर्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १ मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीले धर्मका नाममा हुने राजनीतिलाई निषेध गर्नुपर्नेमा जोड दिनुभएको छ।

बौद्ध विहार सङ्घ, ललितपुरको शनिबार अक्षश्वर महाविहारमा आयोजित ४९औं वार्षिकोत्सव तथा स्वर्णजयन्ती वर्ष शुभारम्भ कार्यक्रममा उहाँले धर्म निरपेक्ष हाम्रो मुलुकमा सबैलाई स्वतन्त्रतापूर्वक आफ्नो आस्थाअनुसार धर्ममा लाग्ने अधिकार रहेको तर यसलाई राजनीतिका रुपमा स्वीकार्य गर्न नसकिने दोहो¥याउनुभयो।

प्रधानमन्त्रीले धार्मिक सहिष्णुता कायम गर्दै अहिंसा, शान्ति र एकताका साथ धार्मिक अभ्यास गर्नुपर्ने बताउदै भन्नुभयो, “बुद्ध धर्म र उहाँका विचारलाई राजनीतिका लागि दुरुपयोग गर्नुहुँदैन। बुद्धको दर्शन नै शान्ति, अहिंसा र मानवताका लागि हो । कुनै जीवको हिंसा नगर भन्ने बुद्धवादको सार हो । बुद्ध धर्मका शिष्यहरु नै यस धर्मका रक्षक हुन् । हामीले बुद्धवादलाई युवाहरूमाझ फैलाउनुपर्छ । त्यसका लागि म मेरो तर्फबाट सक्दो काम गर्छु । यस धर्ममा करुण, स्नेह र मानवीयता छ । निःस्वार्थपन छ। त्यसैले यसलाई राजनीतिक हिसाबले दुरुपयोग गर्ने कुरालाई निधेष गर्नुपर्छ।’’

पाँच वर्षअघि भियतनाममा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा आफूले भाग लिएको र त्यस्ता सम्मेलन संयुक्त राष्ट्रसङ्घको आयोजनामा नेपालमा गर्ने कुराकानी भएका बेला कोभिड महामारीले असर गरेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले लुम्बिनीमा आफूले पाँच हजार क्षमताको अन्तर्राष्ट्रिय ध्यान केन्द्र निर्माण गराएको स्मरण गर्नुभयो।

## लैङ्गिक हिंसाबाट सचेत बनौं


**शारीरिक हिंसाः**
◆कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

**मानसिक हिंसाः**
◆गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुर्‍याउने,

**यौनजन्य हिंसाः**
◆यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने, यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना बिरूद्ध सचेत होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आफूले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# आचारसंहिता पालनामा ईमान्दार बन

स्थानीय तह उपनिर्वाचनका लागि आइतबारदेखि निर्वाचन आचारसंहिता लागू भएको छ । निर्वाचन आयोगको शनिबारको बैठकले आइतबारदेखि उपनिर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पद धारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू गर्ने निर्णय भएको छ ।आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालका अनुसार नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र प्रदेशमन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारीलाई आचारसंहिता लाग्नेछ ।

नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सोका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्छ । निर्वाचनमा दल र उमेदवार महत्त्वपूर्ण भएकोले उनीहरू आचारसंहितामा बाँधिन्छन । राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी र विद्यालयमहाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीको हकमा पनि आचारसंहिता लागू हुने आयोगले जनाएको छ ।

यसैगरी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्नेछ । निर्वाचनको स्वच्छता भनेकै आचारसंहितामा सबै बस्नु हो । आचारसंहिता लागू भएको जिल्लाका निर्वाचन हुने स्थानीय तहबाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कार्य गर्नु/गराउनु परेमा निर्वाचन आयोगलाई पूर्वजानकारी दिई निकास भएबमोजिम गर्न सकिने आयोगले जनाएको छ ।

"निर्वाचन आचारसंहिता सम्पूर्ण व्यक्ति, संस्था तथा अधिकारीको कानुनी दायित्व एवम् नैतिक बन्धन भएकाले यसको सम्पूर्ण रुपले पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रुपमा सम्पन्न गर्ने कार्यमा सबैले सहयोग गर्नुपर्छ । आचारसंहिता विपरीतका कार्य भएगरेको पाइएमा वा हुन सक्ने पर्याप्त आधार र कारण देखिएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले उजुरी दिन पनि आयोगले आग्रह गरेको छ ।

यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आइतबार मनोनयन पत्र दर्ता हुँदैछ । बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने आयोगले जनाएको छ । विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एकरएक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदैछ । निष्पक्ष, भयरहित वातावरणमा भएको निर्वाचनप्रति सबैले विश्वास गर्ने आधार बन्छ । हरेक क्षेत्रमा बढ्दो अविश्वास, तिक्तता र धोकाधडीको अवस्था हटाउन र निर्वाचनको विश्वासनीयता बढाउन आचारसंहिता पालना जरुरी छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाव | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : व्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जनशक्ति अभावले घरेलु उद्योग बन्द हुँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १ मंसिर

जनशक्ति अभावले जिल्लाका घरेलु तथा साना उद्योग बन्द हुन थालेका छन् । गत आर्थिक वर्ष २०८०/८१ मा उद्योग दर्ता गर्नेभन्दा लगत कट्टा गर्नेको सङ्ख्या बढी देखिएको हो ।

बढ्दो बसाइँसराइ, शिक्षा तथा रोजगारीका लागि विदेश पलायनलगायत कारणले जनशक्ति अभाव भई जिल्लाका उद्योगहरू बन्द हुन थालेका जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयको तथ्याङ्कले देखाउँछ । गत आवमा ४६ उद्योग दर्ता भएका छन् भने ६७ उद्योगको लगत कट्टा गरेका कार्यालयका प्रमुख पार सिंह थापाले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवमा सात उत्पादनमूलक, १५ कृषि तथा वनजन्य, छ पर्यटनसम्बन्धी उद्योग, १८ सेवामूलक गरी ४६ वटा उद्योग दर्ता भएका छन् ।

एक वर्षमै ६७ वटा उद्योगहरु भने बन्द भएको जानकारी थापाले दिनुभयो । उहाँका अनुसार उत्पादन मूलक ११, कृषि तथा वन जन्य १८ उद्योग, पर्यटनतर्फ १७ उद्योग, सेवामुलक २१ वटा उद्योगले लगत कट्टा गरेका छन् । "बसाईंसराइ र वैदेशिक रोजगारीको प्रभावले घरेलु तथा साना उद्योग बन्द हुनेक्रम बढेको हो ।

साथै अनुदान तथा आर्थिक गतिविधि देखाउन दर्ता गर्ने र पछि बन्द गर्नाले पनि उद्योगको सङ्ख्या घटेको हो", प्रमुख थापाले भन्नुभयो, "वाणिज्यतर्फ फर्म दर्ता गर्ने बढी छन् ।" एक सय चार फर्म दर्ता हुँदा ८८ को लगत कट्टा गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार अहिले पर्यटन तथा उद्योग कार्यालयमा तीन सय १८ उद्योग र चार सय ७२ वाणिज्यतर्फका फर्म नवीकरण भएका छन् ।

# गोरखामा पर्यटक भित्र्याउन भेला

**पोखरापत्र संवाददाता**
गोरखा, १ मंसिर

गोरखामा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन रणनीतिक योजना निर्माण गरिने भएको छ ।

नेपाल होटल संघ गोरखाको आयोजनामा जिल्लामै पहिलो पटक गोरखाको ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको प्रचार-प्रसार गर्दै पर्यटन प्रर्वद्धनका लागि योजना निर्माण गर्न 'ऐतिहासिक पर्यटन व्यवसायी भेला २०८१' को आयोजना गर्न लागिएको संघका जिल्ला अध्यक्ष केशव कुँवरले जानकारी दिनुभयो ।

यही मङ्सिर ५ र ६ गते आयोजना गर्न लागिएको भेलामा जिल्ला भित्र स्थायी घर भइ देशभर पर्यटनका क्षेत्रमा काम गर्दै आएका पर्यटन व्यवसायीको सहभागिता रहने उहाँले बताउनुभयो । "गोरखा नगरपालिकाले समेत जिल्लामा पर्यटक भित्र्याउन आउँदो पुस २५ गतेदेखि पर्यटन वर्ष घोषणा गरेर कार्यक्रम गर्न लागेको छ, अध्यक्ष कुँवरले भन्नुभयो, " त्यसलाई सहयोग पुऱ्याउन संघले पनि व्यवसायीहरुको बृहत भेला गर्न लागेको हो ।" भौगोलिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा वातावरणीय विविधताका कारण पर्यटनको प्रचुर सम्भावना भएको गोरखाका पर्यटकीय क्षेत्रको व्यापक प्रचार-प्रसार गर्न सके जिल्लामा अत्यधिक पर्यटक भित्र्याउन सकिने भएकाले भेलामार्फत पर्यटन व्यवसायीले पनि आवश्यक भूमिका खेल्न जोड दिइने उहाँको भनाई छ ।

"पर्यटकलाई आकर्षण गर्न सक्ने थुप्रै ठाउँहरु भएपनि यथोचित हिसावले प्रचार गर्न अझै सकिएको छैन, संघका महासचिव सुमन श्रेष्ठले भन्नुभयो, "गोरखाले ती पर्यटकीय क्षेत्रको भरपुर उपयोग गरेर लाभ लिनसके यहाँको आर्थिक सम्बृद्धिमा नयाँ फड्को मार्न सकिन्छ भन्ने विश्वास छ ।" भेलामा करिव १ सय ५० भन्दाबढी पर्यटन व्यवसायीको सहभागिता रहने छ । सोही अवसरमा थप पर्यटकीय क्षेत्रको पहिचानका लागि जिल्लाभित्रका ११ वटै स्थानीय तहले भिडियो सामाग्री निर्माण गरी प्रस्तुत गर्ने कार्यक्रम समेत तय गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "भेलामा गोरखामा पर्यटकको बसाई लम्ब्याउनका लागि पनि आवश्यक योजना बनाइनेछ, यहाँका रैथाने खाना तथा संस्कृतिको जर्गेना र र प्रवर्द्धनका लागि पनि भेला महत्वपूर्ण रहनेछ ।"

# पहिलो चौमासिकमा करिब १० प्रतिशत मात्रै विकास खर्च

**रासस**
काठमाडौं, १ मंसिर

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा विकास खर्च निकै कम देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार कात्तिक मसान्तसम्ममा पुँजीगत खर्च करिब १० प्रतिशत मात्रै छ ।

चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १८ खर्ब ६० अर्ब ३० अर्ब ३० करोड बराबरको बजेट ल्याएको थियो । कात्तिक मसान्तसम्ममा २२ दशमलव ३१ प्रतिशत अर्थात् रु चार खर्ब १५ अर्ब दुई करोड खर्च भएको छ । सरकारको चालुतर्फको बजेट खर्च वार्षिक लक्ष्यको २५ दशमलव ६५ प्रतिशत छ । चालुगत शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बजेट विनियोजन भएकामा कात्तिक मसान्तसम्ममा रु दुई खर्ब ९२ अर्ब ५२ करोड ६७ लाख बराबर खर्च भएको छ । पुँजीगत शीर्षकका रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर विनियोजन भएकामा नौ दशमलव आठ प्रतिशत अर्थात् रु ३४ अर्ब ५३ करोड १० लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा चालु आर्थिक वर्षका लागि रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बराबर विनियोजन भएकामा पहिलो चौमासिकमा रु ८९ अर्ब ९६ करोड २४ लाख बराबर खर्च भएको छ । कात्तिक मसान्तसम्मको राजस्व सङ्कलन वार्षिक लक्ष्यको २२ दशमलव ३६ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा हालसम्म रु तीन खर्ब २९ अर्ब एक करोड ५५ लाख बराबर खर्च भएको छ ।

# अन्नपूर्ण आधार शिविर र पदमार्गमा सरसफाइ

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ मंसिर



अन्नपूर्ण गाउँपालिका-४ मा रहेको मौरिस हर्जोग पदमार्ग र संसारको दशौं अग्लो अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा सरसफाइ गरिएको छ ।

अन्नपूर्ण गाउँपालिका-५ शिखको न्यू कान्छी बाराही युवा क्लबका नौ जना र वडा नम्बर-४ गाडपारको जनगारण युवा क्लबका १२ जनाको टोलीले आधार शिविर र नारच्याङको हुमखोलादेखि त्यहाँसम्म पुग्ने पदमार्गमा पर्यटकले फालेको फोहर व्यवस्थापन गरेका हुन् ।

कुहिने फोहरलाई खाडल खनेर गाड्ने र नकुहिने फोहरलाई सङ्कलन गरी केही तल ल्याएर व्यवस्थापन गरिएको कार्यक्रमको अगुवाइ गर्नुभएका एसई प्रोडक्सनका सञ्चालक सुरेन गुरुङले जानकारी दिनुभयो । गत कात्तिक २७ गते आधार शिविर पुगेको टोलीले सङ्कलन गरेर ल्याएको तीन बोरा सिसाजन्य फोहर शुक्रबार गाउँपालिकामा बुझाएको थियो । मौरिस हर्जोग पदमार्गको हुमखोला, फुतफुते झरना र आधार शिविरमा जानकारी दिने सूचना बोर्ड राखिएको छ । सरसफाइ र सूचना बोर्ड राख्न अन्नपूर्ण गाउँपालिका-७ घरामदी घर भई हाल बेलायतमा रहनुभएका धनकुमार पाइजाले रु एक लाखभन्दा बढी सहयोग गर्नुभएको छ । "पदमार्ग र आधार शिविरमा प्लास्टिक, कागज, कपडा, स्टिल र सिसाले फोहर भएको थियो", उहाँले भन्नुभयो, "यहाँको सुन्दरतालाई असर पर्न नदिन कुहिने फोहरलाई खाडलमा गाड्ने र नकुहिनेलाई बोकेर तल झारेका छौं ।" रेखा मेमोरियल ट्रष्टको सहयोगमा फुतफुते झरना र आधार शिविरमा दुई थान डस्टबिन पनि राखिएको गुरुङले जानकारी दिनुभयो । यसअघि पाइजाको सहयोगमा घरामदीको पेरीभारानी युवा क्लबको १९ जनाको टोलीले गत असोजको तेस्रो साता र अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका वडासदस्य श्याम पुर्जाको अगुवाइमा कात्तिक पहिलो हप्ता सरसफाइ गरिएको थियो । अष्ट्रेलियामा रहेकी रघुगङ्गा गाउँपालिका-१ बेगकी ललिता शेरपुञ्जाको अगुवाइमा हालै फुतफुते झरना नजिकैको आश्रयस्थलमा सार्वजनिक शौचालय निर्माण भएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको आरोहण आधार शिविर आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीका अनुसार यस शरदयाममा करिब पाँच हजार जना आन्तरिक पर्यटक अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका छन् । मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । अन्नपूर्ण हिमालको फेदीमा रहेको नीलो रङको पञ्चकुण्ड ताल आधार शिविरको आकर्षण हो । तीन दिनको छोटो अवधिमा साहसिक पदयात्रा गर्न सकिने भएकाले पर्यटकको रोजाइमा अन्नपूर्ण आधार शिविर परेको हो । होटल तथा लजको सुविधा नभएको मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आरोहण शिविरमा जानेहरूले खाना, खाजा, भाँडाकुँडा, ग्यास, लत्ताकपडाको आफैं जोहो गर्नुपर्छ ।

# लायन्स र निजी क्षेत्रबीच सहकार्य हुन्छ : अध्यक्ष ढकाल

**पोखरापत्र संवाददाता**
बागलुङ, १ मंसिर



नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय अध्यक्ष चन्द्रप्रसाद ढकालले लायन्सको परोपकारी काम उदाहरणीय रहेको बताउनुभएको छ । उहाँले नेपालको आर्थिक विकासमा लायन्स र निजी क्षेत्र सहकार्य गरेर अघि बढ्न आफू इच्छुक रहेको बताउनुभयो ।

बागलुङमा शनिबार आयोजित लायन्स डिस्ट्रिक ३२५ जे नेपालको दोस्रो क्याबिनेट बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले भूकम्प, बाढीपहिरोजस्ता विपद्मा लायन्सको परोपकार प्रशंसायोग्य रहेको बताउनुभयो । उहाँले आर्थिक विकासमा लायन्ससँग निजी क्षेत्रले मिलेर काम गर्दा धेरै जनतालाई रोजगारी सृजना गर्न सकिने बताउनुभयो । लायन्सका सदस्यलाई उत्पादनसँग जोड्ने र निजी क्षेत्रका उद्योगी-व्यवसायीलाई लायन्ससँग जोड्दै परोपकारी बनाउन आवश्यक रहेको ढकालको भनाइ छ । "परोपकार क्षेत्रमा लायन्सको बढी भूमिका देखिएको छ, अब लाइन्स निजी क्षेत्रसँग जोडिएर उत्पादनमूलक कार्यमा लाग्न आवश्यक छ, जनतालाई उद्योगसँग जोड्का लागि १० अर्ब लगानीको नेपाल पब्लिक डेभलपमेन्ट कम्पनी स्थापना गरेका छौं, जनता मालिक बन्ने यो सुनौलो अवसर हो, लायन्सका मित्रहरू आउनुहोस् सहकार्य गरौं, देशको आर्थिक अवस्था उकासौं", अध्यक्ष ढकालले भन्नुभयो ।

व्यवसायलाई एकीकृत गर्न सकेमा ठूलो उपलब्धि हासिल हुने भन्दै पछिल्लो समयमा निजी क्षेत्रका व्यवसायहरू एकीकृत ढङ्गले सञ्चालनमा आउन थालेको ढकालले बताउनुभयो । जिल्ला जिल्लामा गरिने क्याबिनेट बैठकले पर्यटनको विकाससँगै आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुगेको उहाँको भनाइ छ ।

दोस्रो क्याबिनेट बैठकमा देशभरका एक हजार सदस्यहरूको उपस्थिति रहेको डिस्ट्रिक मलिन थापाले जानकारी दिनुभयो ।


# सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०२)

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, तनहुँ जिल्ला म्याग्दे गाउँपालिका वडा नं. ७ मा रहेको गण्डकी इको ब्रिक्स एण्ड टायल इण्डष्ट्रिज प्रा.लि. द्वारा गण्डकी इको ब्रिक्स एण्ड टायल इण्डष्ट्रिज निर्माण तथा संचालन गर्न लागिएको हुँदा उक्त कार्यसँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको लागि सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुदाँ निम्न बमोजिमको मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।**

**मितिः** २०८१/०८/०५ गते बुधबार
**समयः** बिहान ९:३० बजे
**स्थानः** उद्योग प्रस्तावित स्थल म्याग्दे-०७,थर्पु

**आयोजक**
गण्डकी इको ब्रिक्स एण्ड टायल प्रा.लि.
म्याग्दे गाउँपालिका-०७,थर्पु
सम्पर्क नं.: ९८५६०२००५७

# गण्डकी प्रदेस महोत्सव :जातीय परम्परागत घर अवलोककर्ताको रोजाइमा

**रासस**
नवलपरासी, १ मंसिर

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडकोट-२ स्थित नारायणी नदीकिनारमा सञ्चालन भइरहेको दोस्रो संस्करणको गण्डकी प्रदेस महोत्सव-२०८१ मा जातीय संस्कृति संरक्षणको प्रयास गरिएको छ । महोत्सवमा नवलपुरमा रहेका विभिन्न आदिवासी जनजातिहरुको मौलिक संस्कृति संरक्षण गर्न उनीहरुको परम्परागत घर नै बनाएर महोत्सव पुग्नेलाई सांस्कृतिक बोध गराइएको छ ।

महोत्सवमा थारु, मगर, गुरुङ, तामाङ र चेपाङ जातिको घर निर्माण गरी उनीहरुले प्रयोग गर्ने परम्परागत घरायसी उपकरण प्रदर्शनीसँगै मौलिक खाना प्रदर्शनी गरिएको छ । गत कात्तिक २६ गतेदेखि सञ्चालन भइरहेको महोत्सवमा चेपाङ जातिको सांस्कृतिक घरसँगै उनीहरुको पोसाक, उनीहरुको खाद्यान्न बनतरुल, गिठा, भ्याकुर, पिँडालु र स्याखु राखिएको छ । त्यस्तै, मगर जातिको सांस्कृतिक घरमा उनीहरुले प्रयोग गर्ने औजारहरु न्हाङली (नाङ्ग्लो), पिराँखु (पेरुङ्गो), खुर्पा ट्याक, खँचरी, मुजुरा, जाँतो, ओदान, ढिकी राखिएको छ । त्यसैगरी, मगर जातिको पर्वहरुमा खाइने मासको बटुक त्यहीँ पकाउँदै आगन्तुकहरुको स्वागत गर्ने गरिएको नेपाल मगर सङ्घ गैंडाकोट नगर अध्यक्ष मस्राङ्गी मगरले बताउनुभयो । महोत्सवको सांस्कृतिक समितिका संयोजकसमेत रहनुभएका मगरले जनजातिहरुको संस्कृति लोप हुँदै गएकाले नयाँ पुस्तालाई यसबारे बुझाउन तथा संरक्षणका लागि स्थानीय सरकारलाई ध्यानाकर्षण गराउन महोत्सवमा सांस्कृतिक घरहरु राखिएको बताउनुभयो ।

जातीय सांस्कृतिक घरसँगै ती जातिहरुले प्रयोग गर्ने परम्परागत सामग्री उपलब्ध भएसम्म राखिएको उहाँको भनाइ छ । "नयाँ पुस्ताले चासो नदिँदा आदिवासी जानजातिहरुको संस्कृति हराउँदै गइरहेको छ" उहाँले भन्नुभयो, "हाम्रो प्रयासले नयाँ पुस्तालाई संरक्षणप्रति जागरण आउनसक्छ भने अन्य समुदायका व्यक्तिहरुलाई हाम्रो संस्कृति बुझ्न सहज हुन्छ ।" नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष एवम् महोत्सव मूल समिति संयोजक अमृत भट्टचनले आफूहरु आर्थिक उपार्जनसँगै संस्कृति संरक्षणप्रति पनि सचेत रहेको बताउनुभयो । "जाजातिहरुको सांस्कृतिक घरमा अवलोकनसँगै उनीहरुको संस्कृतिबारे र प्रयोग गर्ने सामग्रीको बारेमा समेत जानकारी लिन पाइन्छ" उहाँले भन्नुभयो, "जातीय खानाहरुसमेत सांस्कृतिक घरमा राखिएकाले फरक फरक संस्कृति एकैठाउँमा बुझ्न पाउने वातावरणसमेत बनेको छ ।" सांस्कृतिक घरमा ती जातिले खाने परम्परागत खाद्यान्नहरु प्रदर्शन तथा बिक्रीका लागि समेत राखिएको उहाँले जानकारी दिनुभयो । "थारुको सांस्कृतिक घरमा घोँङी, चिचर, हाँसका परिकार, ढिकर (चामलको पिठोलाई पानीको वाफमा उसिनेर पकाइने एकप्रकारको रोटी) प्रदर्शनी तथा बिक्रीका लागि राखिएको छ" अध्यक्ष भट्टचनले भन्नुभयो, "त्यहाँ उनीहरुले माछा मार्न प्रयोग गर्ने ढडीया, जाल, ढिकी, जाँतो, हलो, जुवा, नारा लगायतका परम्परागत औजारहरु समेत राखिएका छन् ।" पाँच वटै जातिका घरमा उनीहरुले प्रयोग गर्ने परम्परागत तर, लोपोन्मुख सामग्रीहरु प्रदर्शन गरिइएको छ ।

अध्यक्ष भट्टचनले जातजातिहरुको मौलिक संस्कृति लोप हुने अवस्थामा पुगेका कारण यसको संरक्षणका लागि महोत्सवमा सांस्कृतिक घरहरु निर्माण गरिएको बताउनुभयो । "परम्परागत बस्ती र संस्कृतिबारे अहिलेका पुस्तालाई जानकारी नै छैन" उहाँले भन्नुभयो, "उनीहरुलाई हाम्रो जातजातिको सांस्कृतिक कुराहरुसहित भेषभूषा, रहनसहनबारे जानकारी गराउने उद्देश्यले लोपोन्मुख जातिलाई समेटर यस्तो घर निर्माण गरिएको हो ।" मेला महोत्सवमा सांस्कृतिक घर निर्माण गरिँदा सबै समुदायलाई जातजातिको संस्कृति बारे जानकार र सचेत गराउन तथा संस्कृति पुस्ता हस्तान्तरणको लागि समेत महत्वपूर्ण हुने भट्टचनले बताउनुभयो ।

महोत्सवको सांस्कृतिक समिति संयोजक मगरले नेपालको तराईदेखि पहाड र हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायलाई समेटेर महोत्सवमा सांस्कृतिक घर निर्माण गरिएको बताउनुभयो । पहाडका गुरुङ, मगर तामाङ, भावर क्षेत्रका चेपाङ तथा तराईका थारु समुदायका कला, संस्कृति र उनीहरुको रहनसहन झल्किने सांस्कृतिक घरले इतिहासलाई जीवन्त राख्नुका साथै महोत्सवमा आकर्षण समेत बढाएको मगरले बताउनुभयो । अहिलेका युवा पुस्ताले सुन्ने गरेको तर पहिले प्रयोगमा आउने गिठा, भ्याकुरको स्वाद लिन र संस्कृतिबारे प्रत्यक्ष अवलोकन गरेर बुझ्नका लागि सांस्कृतिक घरमा दर्शकहरु आउने गरेको उहाँले बताउनुभयो ।

आदीवासी जनजाति महासङ्घ गैंडाकोटका पूर्वनगर अध्यक्ष ललितबहादुर गुरुङले जनजातिको मात्रै नभएर क्षेत्री, ब्राह्मण समुदायका सांस्कृतिक घरहरु समेत मेला महोत्सवमा राख्नुपर्ने बताउनुभयो । "क्षेत्री, ब्राह्मण समुदायको समेत आफ्नै खालको कला र संस्कृति हुन्छ, ती लोप हुने अवस्थामा पुगेका छन् ।" आफ्नो कला र संस्कृति सबैलाई प्यारो हुने उल्लेख गर्दै मेला महोत्सवमा राखिने सांस्कृतिक पहिचानले एकअर्काको संस्कृति बुझ्न तथा नेपालीहरुको बीचमा भाइचाराको सम्बन्ध प्रगाढ बनाउन अझ मद्दत पुग्ने पूर्व अध्यक्ष गुरुङको भनाइ छ ।

अन्यत्रबाट आएर नवलपुरमा बसोबास गर्दै आएका जातजतिको पहिचान र उनीहरुको मौलिकताका लागि सांस्कृतिक घर निर्माणमा पहल गरेको उहाँले बताउनुभयो । आफूहरुको संस्कृति लोप हुने अवस्थामा पुगेका कारण हरेक दर्शकले देखुन् र जान्न पाउन् भन्नकै लागि महोत्सवमा सांस्कृतिक घरसँगै उनीहरुको रहनसहन झल्किने परम्परागत औजार तथा खाद्यान्नहरु राखिएको गुरुङको भनाइ छ । यस महोत्सवमा प्रवेश गर्ने जो कोहीको आँखा प्रवेशद्वारसँगै रहेको सांस्कृतिक घरमा गएर ठोक्किने गरी सुरुमै निर्माण गरिएकाले पनि चासोका साथ यसलाई लिइएको छ ।

निकै कलात्मक तरिकाले निर्माण गरिएका घरहरुको छानो खरले छाएका छन् । बाँसले बेरिएको घरमा माटोले लिपपोत गरेर भित्तामा जातीय संस्कृति झल्किने विभिन्न कला र आकृति कोरिएको देख्न पाइन्छ । महोत्सवमा सांस्कृतिक घर निर्माणका लागि तिनै जातिका कालीगढहरु प्रयोग गरिएको थियो । चितवनको भरतपुरमा महोत्सव हेर्न आउनुभएको युवा रामप्रसाद खनालले महोत्सवमा रहेका सांस्कृतिक घरले जनजातिको कला र संस्कृतिबारे नजिकबाट बुझ्न आफूलाई मद्दत गरेको बताउनुभयो । "भावर क्षेत्रमा बसोबास गर्ने चेपाङको बारेमा धेरै सुनेको थिएँ, उनीहरुले खाने कन्दमुलको बारेमा सुनेको थिएँ, तर देख्न पाएको थिइनँ" खनालले भन्नुभयो, "गण्डकी प्रदेश महोत्सवमा आएर चेपाङसहित अन्य जातिको जातीय पहिचानको बारेमा प्रत्यक्षरुपमा देख्न र बुझ्न पाएँ ।" महोत्सवमा उहाँले जनजातिको परम्परागत घरसँगै उनीहरुको मौलिकता झल्किने खाना तथा संस्कृति राखिनु संस्कृति संरक्षणको राम्रो प्रयास भएको बताउनुभयो । कास्कीको पोखराबाट यस महोत्सवमा पुग्नुभएकी सुजाता कुँवरले जीवनमा कहिल्यै अनुभव नगरेको ढिकर, घोँङी देख्न र चाख्न पाउँदा रमाइलो लागेको बताउनुभयो । "हाम्रो मौलिकता झल्किने सामग्रीहरुले हाम्रो इतिहास, कला र संस्कृतिबारे बुझ्न त मद्दत गरेकै हुन्छ" उहाँले भन्नुभयो, "त्यसका साथ साथै आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनका सँगै संस्कृति संरक्षणमा समेत महत्वपूर्ण टेवा पुऱ्याएको हुन्छ ।" संस्कृति बुझ्न र उनीहरुले प्रयोग गर्ने परिकार पकाएको र पकाउने तरिकाबारे बुझ्दा खानाका पारखीहरुका लागि फाइदा पुग्ने उहाँको भनाइ छ ।

# यु १९ विश्वकप क्रिकेटमा छनौट भएका खेलाडीलाई पोखरामा स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा १ मंसिर

यु १९ महिला विश्वकप र एसिया कपमा नोपली टिममा छनौटमा परेका गण्डकी प्रदेशका ४ जना खेलाडीहरुलाई पोखरामा स्वागत गरिएको छ ।

नेपाली युवा टोलीका चार सदस्यलाई गण्डकी प्रदेश क्रिकेट संघले स्वागत गरेको हो । ऐतिहासिक सफलता दिलाउन सफल महिला टिमलाई क्रिकेट संघ गण्डकीले पोखरा अन्तराष्ट्रिय विमानस्थलमा स्वगत गरेको संघ गण्डकीका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो । प्रदेश खेलकुद परिषद गण्डकी सदस्य सचिव श्रीधर शर्मा, क्रिकेट संघ गण्डकीका अध्यक्ष संजयकान्त सिग्देल लगाएतले टिमलाई स्वागत गर्नु भएको हो । उहाँहरुलाई ऱ्याली सहित पोखरा रंगशालामा ल्याएर स्वागत गरिएको हो ।

नेपाली टिममा गण्डकी प्रदेशका सिमाना केसी, रचना चौधरी, कुशुम गोदार र ज्योत्सनिका मरासिनीले खेल्नु भएको छ । खेलाडीको मिहिनेत र संघको सहयोगले यो उपलब्दी हासिल भएको अध्यक्ष सिग्देलले जनाउनु भयो । खेलाडीलाई जनही नगद २० हजार दिने उहाँले जनाउनु भयो । नेपाली महिला टिमले सन २००७ देखि अन्तराष्ट्रिय प्रतियोगिता खेल्न सुरू गरेको हो । त्यसयता नेपाली महिला टिम विश्व कपमा पुगेको यो पहिलो पटक हो । त्यसैले नेपाली महिला क्रिकेटकै यो अहिलेसम्मकै ठुलो सफलता हो ।

नेपाली महिला क्रिकेट टिमलाई पहिलो पटक विश्व कपमा पुर्याउन पाउँदा निकै गर्व लागेको खेलाडीहरुले प्रतिकृया दिनु भएको छ । प्रदेशमा आफुहरुलाई गरिएको उक्त सम्मानले आफुहरुलाई प्रोत्साहनको साथै आगामी दिनमा थप राम्रो गर्न वल पुग्ने विश्वास व्यक्त गर्नु भयो । घरेलु टोली युएईलाई हराउँदै ट्रफी जितेर विश्व कप र एसिया कपको लागि छनोट हुन पाउँदा निकै खुसि महशुश भएको खेलाडीहरुको भनाई छ । छनोटको अन्तिम तथा निर्णायक खेलमा बुधवार युएईमाथि ८ विकेटको सहज जित निकाल्दै नेपाली टोली पहिलो पटक महिला यु १९ विश्व कपमा स्थान बनाएको हो । विश्व कप आगामी बर्षको जनवरी १८ देखि फेब्रुअरी २ सम्म मलेसियामा आयोजना हुदैछ ।

नेपालले विश्व कपमा स्थान बनाएसँगै अर्को महिना हुने एसिया कपमा समेत छनोट भएको छ । पछिल्लो क्रममा नेपाली क्रिकेटले धेरै सफलता हासिल गर्दै आएकोले खेलाडीहरुको बिषयमा सरकारले साच्नु पर्ने समय आएको सदस्य सचिव शर्माले जनाउनु भयो ।

# साढे तीन करोड बराबरका पशुको नि:शुल्क बिमा

**पोखरापत्र संवाददाता**
तनहुँ, १ मंसिर

म्याग्दे गाउँपालिमा रु साढे तीन करोड मूल्य बराबरको पशुधन बिमा गरिएको छ । गाउँपालिकाको पशु सेवा उपशाखाको स्वीकृत पशु बिमा प्रिमियममा २० प्रतिशत अनुदान कार्यक्रममार्फत एक सय ८० जना किसानले पालेका पशुको निःशुल्क बिमा गरिएको हो ।

पशु सेवा उपशाखा प्रमुख डा विनय शाहका अनुसार सात सय ७८ पशुको बीमा गरिएको छ । त्यसमध्ये दुई सय ५९ गाई, एक सय ३३ भैँसी, तीन सय ७० बाख्रा, १६ सुङ्गुर छन् ।

गाईभैँसीको कुल बिमा प्रिमियम शुल्क रु पाँच हजार हुने र रु पाँच हजारको ८० प्रतिशत शुल्क अर्थात् रु चार हजार सङ्घीय सरकारले बिमा कम्पनीलाई भुक्तानी गरेको छ । बाँकी २० प्रतिशत प्रिमियम गाउँपालिकाले किसानलाई बैंकिङ प्रणालीमार्फत उपलब्ध गराएको डा शाहले बताउनुभयो । "पशु बिमाका लागि किसानले कुनै रकम तिर्नुपर्दैन । ८० प्रतिशत रकम सङ्घ सरकारबाट र २० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने गरेको छ", उहाँले भन्नुभयो ।

पशुधनको बिमाबापत गाउँपालिकाले रु तीन लाख ५२ हजार एक सय ३१ खर्च गरेको शाहले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पशुको बिमा कार्यक्रममा सहभागी हुन निवेदन माग गरिएको थियो । जसमध्ये एक सय ८० किसानले निवेदन दिएको र निवेदक दिएका किसानले पालेका करिब रु तीन करोड ५० लाख बराबरको पशुधनको निःशुल्क बिमा गरिएको छ ।"पशुधन बिमा गरेपछि पशुको मृत्यु भएमा पशुपालक किसानले क्षतिपूर्ति दाबी गर्न सक्नेछन् । त्यसको लागि पशु मरेको १५ दिनभित्र सम्बन्धित स्थानीय सदस्य संस्थामार्फत क्षतिपूर्ति दाबीपत्र भरी दाबी गर्नुपर्ने हुन्छ । क्षतिपूर्ति दाबी गर्दा सम्पूर्ण कागजात सङ्लग्न गरी दाबी गरेमा उल्लेखित कर्जा रकमको ८० प्रतिशत रकम (सुरक्षण बराबर) सम्बन्धित पशुपालक किसानलाई दिनुपर्ने प्रावधान छ ।

# पोखराको उन्नति बचत तथा ऋण सहकारीको साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १ मंसिर



पोखरा महानगरपालिका-९ नयाँबजारमा अवस्थित उन्नति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औँ वार्षिक साधारणसभा शनिबार पोखरामा सम्पन्न भएको छ ।

साधारणसभाको सहकारी संस्थाका ज्येष्ठ सदस्य पोखरा महानगरपालिका-३१ निवासी ८१ वर्षीया चिजमाया गुरुङले दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो ।

सभामा सहकारीका अध्यक्ष राजेश रानाभाटले सदस्यहरुको हित र लगानीलाई संरक्षणलाई प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँले पछिल्लो समय केही सहकारी संस्थामा देखिएको अपचलनका घटनाले राम्रो गरेका र वित्तिय अनुसासन भएका सहकारीमा समेत असर पुगेको बताउनुभयो । अध्यक्ष रानाभाटले भन्नुभयो, "सहकारीका विषयमा अहिले हामी सबै विज्ञनै रहेका छौँ । सहकारी क्षेत्रमा समस्या छ । त्यसको असर राम्रो गरी सञ्चालन भएकाहरुमा समेत असर छ । सहकारी संस्थाका सदस्यहरुको साथ र सहयोगबाटनै हामी संस्थालाई नमूना बनाउन प्रतिवद्ध भएर लागेका छौँ ।" अध्यक्ष रानाभाटले संस्थका विकासका लागि सदस्यहरुको अझ बढी सहभागिताको अपेक्षा गरिएको र मासिक बचतलाई नियमित गर्न समेत सबैमा आग्रह गर्नुभयो ।

सभाका अवसरमा प्रवेशिका परीक्षा उत्तिर्ण सदस्यका छोराछोरीहरु सिद्धिका बगाले, कृति ढकाल, आमोदकाजी पौडेल, मञ्जिल अर्याल र आशिष रिजाल तथा कक्षा १२ उत्तीर्ण सदस्यका छोराछोरीहरु सम्पदा बराल, जेनिशा बराल,कृष्मा पौडेल, युविका बज्राचार्य, सुप्रिया श्रेष्ठ र आरोज रानाभाटलाई सम्मान गरिएको थियो । त्यसैगरी उत्कृष्ट आर्थिक कारोबार गर्ने सदस्यहरु डा चन्द्रप्रसाद आचार्य, कविता कार्की, सविना महर्जन सम्मानित हुनुभयो । संस्थका कर्मचारी सुनिता जिसी सर्वोत्कृष्ट वर्ष कर्मचारी २०८१ बाट नगद रु पाँच हजार सहित पुरस्कृत हुनुभयो । संस्थाका उपाध्यक्ष लेखनाथ अर्यालले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सचिव रेवतिरमण भण्डारीले गर्नुभएको थियो । सहकारीका सात सिद्धान्त सञ्चालक समिति सदस्य एवं शिक्षा समितिका संयोजक वैकुण्ठ बरालले गर्नुभयो ।

साधारणसभाले कोषाध्यक्ष प्रमोद थापा तथा लेखा सुपरिवेक्षण समितिका संयोजक पुरोचन उदासको प्रतिवेदन पारित गरेको संस्थाका कार्यालय प्रमुख भगवान भट्टराईले जानकारी दिनुभयो ।

# मादी नदीको 'आर्क डिजाइन' पुलमा ४५ प्रतिशत प्रगति

**पोखरापत्र संवाददाता**
दमौली, १ मंसिर

निर्माणाधीन मुग्लिन-पोखरा सडक योजनाअन्तर्गत तनहुँको मादी नदीमा निर्माण भइरहेको आर्क डिजाइनको पुलको ४५ प्रतिशत काम सकिएको छ । व्यास नगरपालिका ४ र ५ जोड्ने मादी नदीमा निर्माणलाई तीव्रता दिइएको मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) ले जानकारी दिएको छ ।

आयोजनाका पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार उक्त पुलको छ वटा 'स्पान' हुनेछ । तीन सय १५ मिटर लामो उक्त पुल तीन वर्षभित्र सम्पन्न गर्ने गरी निर्माण कम्पनीलङ्गे सन् २०२२ अगष्ट ११ मा रु एक अर्ब २१ करोडमा ठेक्का सम्झौता गरेको थियो । उक्त पुलको ठेक्का जेडआइष्ट अन्नक जेभीले पाएको छ । पृथ्वी राजमार्गको सबैभन्दा लामो आर्क डिजाइनको उक्त पुल चार लेनको हुनेछ । हाल नदीमाथि रहेको दुई लेनको पुल तीन सय ७० मिटर लम्बाइको छ । सोही पुलभन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको छ । निर्माण कम्पनीका प्रतिनिधि दिनेश श्रेष्ठले अहिलेकै गतिमा काम अगाडि बढे समयभन्दा अगाडि नै सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो । पुल निर्माणका लागि राति र दिउँसो दुई 'सिफ्ट'मा काम भइरहेको छ । मुग्लिन पोखरा सडक योजनाको पूर्वी खण्डअन्तर्गत आँबुखैरेनीदेखि जामुनेसम्म १३ वटा पुल निर्माण सम्पन्न भइसकेका छन् । ठूला पुलमध्ये दमौलीको मादी नदी, बुल्दी खोला, बन्दीपुरको नाला र आँबुखैरेनीको खानी खोलामा पुल निर्माण जारी छ ।

पूर्वी खण्डअन्तर्गत सडकको काम भने ६८ प्रतिशत सकिएको छ । पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ ।

विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ ।

# जुनको प्रकाशमा मकै सुकाउने पर्व मनाइयो

**पोखरापत्र संवाददाता**
गोरखा, १ मंसिर



गोरखामा मकै सुकाउने पर्व मनाइएको छ । यहाँका नेवार समुदायले परम्परागत रुपमा मनाउँदै आएको मकै सुकाउने पर्व शुक्रबार राति धुमधामका साथ मनाइएको हो ।

ऐतिहासिक क्षेत्र संरक्षण तथा विकास समितिको आयोजनामा नेवारलगायतका समुदायले जुनको उज्यालोमा सामूहिकरुपमा मकै सुकाएर पर्व मनाएको समितिका अध्यक्ष सुरेशमान श्रेष्ठले जानकारी दिनुभयो । ठूलो आँगनमा प्लाष्टिक ओछ्याएर भुटेको मकै, बदाम, भटमास, चना, केराउलगायतका खाद्यान्न राखिएको थियो । "पर्व मनाउन स्थानीयले घरबाट मकैसहितका गेडागुडी र अन्नबाली ल्याउनुभएको थियो, यसरी सुकाएको अन्नलाई प्रसादका रुपमा ग्रहण गर्ने चलन छ ।" नेवार समुदायका अगुवासमेत रहनुभएका ज्येष्ठ नागरिक समाज गोरखाका अध्यक्ष मोहनलाल श्रेष्ठले झण्डै ४० वर्षदेखि मनाउन छोडिएको यो पर्व विगत तीन वर्षदेखि सामूहिक रुपमा मनाउन थालिएको जानकारी दिनुभयो । कात्तिक शुल्क पूर्णिमाको रातमा अमृत वर्षा हुने भएकाले भुटेको मकै, बदाम, भटमास, चना केराउलगायतका गेडागुडी, फलफूल, शखरखण्डका साथै खाद्यान्न जुनमा सुकाएर खाएमा अमृत समान हुने विश्वासका साथ पर्व मनाउने गरिएको उहाँको भनाइ छ । शुक्ल पूर्णिमाको दिन जुनको प्रकाशमा सुकाइएको अन्न खाएमा रोग नलाग्ने र प्राचन प्रणाली स्वास्थ्य र बलियो हुने धार्मिक विश्वाससमेत रहेको उहाँको भनाइ छ । यो पर्व परम्परागत रुपमा नेवार समुदायले घरघरमा अन्न सुकाएर मनाउने गरेको भए पनि अहिले भने संस्कृति र परम्पराको संरक्षणका लागि सामूहिकरुपमा मनाउन थालिएको छ । परम्परा र संस्कतिलाई पुस्तान्तरण गर्दै लैजाने उद्देश्यका साथ लामो समयदेखि रोकिएको मकै सुकाउने पर्व गएको तीन वर्षदेखि पुनः मनाउन थालिएको श्रेष्ठको भनाइ छ । कार्यक्रममा गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले लोप हुनै लागेको मकै सुकाउने पर्वको जर्गेना गर्न स्थानीय समुदायले थालेको प्रयास सराहनीय भएको बताउनुभयो । सोही अवसरमा नेवार समुदायको परम्परा र संस्कृति झल्कने पोसाकमा सजिएर विभिन्न सांस्कृतिक कार्यक्रमसमेत गरिएको आयोजकले जनाएको छ ।